आज मिति २०८१ साल चैत्र ११ गते सोमबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को दशौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री गौतम भण्डारी - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमारै गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२५. श्री राजेन्द्र ढुंगाना (कार्यवहाक वडा अध्यक्ष भानु १०)

अन्य उपस्थितिः

२६. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२७. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२८. श्री अमित लामा (३ नं. वडा सदस्य)
२९. श्री सुमोद वाग्ले, अभियान, भानु
३०. श्री सुशान्त बहादुर बडुवाल, सर्वेक्षक,
३१. श्री सुमन बहादुर मल्ल, अभियान
३२. श्री विकास भण्डारी, अभियान

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/११ गते बसेको आ.व.२०८१/०८२ को दशौं बैठकका निर्णयहरु:

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको मिति २०८१/११/२४ गते बसेको आ.व. २०८१/०८२ को नवौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १२ वटा निर्णयहरु भएकोमा निर्णय नं. ८, १० र ११ मात्र कार्यान्वयनको चरणमा रहेको अन्य निर्णयहरु कार्यान्वय भएको पाइयो ।

**निर्णय नं.२** भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्ने सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं.३** भानु न.पा. अन्तर्गतका तपसिल बमोजिमका खानेपानीका मुहान (मूल) दर्ता गर्नका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | समितिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | भिरपानी महन्ते हटिया खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | भानु ४ र ८ | |

**निर्णय नं.४** जोखिमयुक्त पिपलको रुख कटान सम्बन्धमा:

क) भानु नगरपालिका वडा नं.११ मानेचौका निवासी फुलमान गुरुङको घर नजिकै रहेको पिपलको रुखको हागाँहरु घर माथि आएकोले घर लगायत आफूहरुलाई समेत उच्च जोखिम रहेको हुदाँ उक्त रुखका हागाँहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो।

ख) भानु नगरपालिका वडा नं.११ त्रिभुवन माध्यमिक विद्यालय भित्र रहेको पिपलको रुखले विद्यालय परिसरमा उच्च जोखिम रहेको हुदाँ उक्त रुखका हागाँहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो।

ग) भानु नगरपालिका वडा नं१३ अन्तर्गत भानु मार्गको पयास्वाँरामा रहेको पिपलको रुख कटान नगरी नाला निर्माणको लागि सडकको मापदण्ड अपुग हुने साथै विद्युत लाइन समेत परेको हुदाँ उक्त पिपलको रुख कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



२०८१।१२।११
आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

घ) भानु नगरपालिका वडा नं ८ को पाचसय वगैचामा रहेको स्वामी र आँपका हागाँहरु कटान गरी हटाउनका लौगि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.५** विविध विषयका सम्बन्धमा

क) भानु नगरपालिकाबाट सञ्चालित तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्य भई रहेको र उक्त योजनाको अवधि देहाय बमोजिमको मितिमा समाप्त हुने हुदाँ उक्त योजनाको म्याद तपसिल बमोजिमको अवधि सम्म थप गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजनाको नाम | म्याद सकिने अवधि | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | कालिमाटी नगरस्तरीय अस्पताल | २०८१/१२/२० | २०८२/१२/२० | जग्गा विवादको कारण कार्यमा ढिलाई भएको । |
| २. | पुरानडिहि नगरअस्पताल | २०८१/१२/१३ | २०८२/१२/१३ | बजेट अभावका कारण कार्यमा ढिलाई भएको । |
| ३. | खहरे हेल्थ पोष्ट भवन निर्माण | २०८१ चैत्र मसान्त सम्म | २०८२/०३/३० | नयाँ कार्य थप गरी VO गर्नुपर्ने भएको । |

ख) भानु नगरपालिका वडा नं.३ खहरेको फ्रेण्डसिप युवा क्लवले मिति २०८१/०१/०१ मा लमजुङ जिल्लाको घलेगाउँमा सञ्चालन भएको सातौं स्मार्ट भिलेज गोल्ड कपमा सहभागी भई प्रथम भएको र मिति २०८२/०१/०१ मा हुने आठौं स्मार्ट भिलेज गोल्ड कपमा भानु नगरपालिकाकै प्रतिनिधित्व गर्ने हुदाँ यस युवा क्लवलाई अ.सा.सु.एंव आ.उ. शीर्षकबाट रु १,५०,०००। (अक्षेरुपी एक लाख पचास हजार) विविध खेलकुद शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिकाको पशुपन्छि तथा मत्स्य विकास शाखाको आ व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको गाई संरक्षण कार्यक्रम अन्तर्गत २०८१/१२/०५ मा प्रकाशित २१ दिने सार्वजनिक सूचना अनुसार प्रस्तावना पेश गर्न कृषकहरुको माग अनुसार अनुदान रकम उपलब्ध गराउन रकम तोक्नका लागि आर्थिक विकास समितिले कार्यपालिकामा पेश भएअनुसार गर्ने निर्णय गरियो ।

घ) भानु नगरपालिका वडा नं.१० निवासी रामलाल श्रेष्ठको मेरुदण्ड भाँचिएको र निजको आर्थिक अवस्था निकै कमजोर भएको हुदाँ रामलाल श्रेष्ठलाई वडा कार्यालयको सिफारिस पत्र र अन्य आवश्यक कागजपत्रको आधारमा सामाजिक सुरक्षा तथा आर्थिक सहायता कोष शीर्षकबाट रु.२०,०००।(अक्षेरेपी बीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।



गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ङ) भानु नगरपालिका वडा नं.१ निवासी सिता सुनारको मृगौला फेल भएको र निजको आर्थिक अवस्था निकै कमजोर भएको हुदाँ सिता सुनारलाई वडा कार्यालयको सिफारिस पत्र र अन्य आवश्यक कागजपत्रको आधारमा सामाजिक सुरक्षा तथा आर्थिक सहायता कोष शीर्षकबाट रु.२०,०००।(अक्षेरेपी बीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

च) भानु नगरपालिका वडा नं.११ स्थित ढाँडफेदीमा खेलकुद मैदान सम्याउने कार्यको लागि सम्बन्धित वडाका प्राविधिकले तयार गरेको स्टिमेटका आधारमा भानु नगरपालिकाको डिजेल सहितको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो।

छ) भानु नगरपालिका वडा नं.११ मा रहेको राष्ट्रिय मा.वि. मयाखुँ तनहुँमा पुनः निर्माण शीर्षकमा आ.व.२०८१/०८२ का लागि नगरपालिकाको विनियोजित रकम रु. ५,००,०००। (अक्षेरुपी पाँच लाख) बाट हाल ४ कोठे रहेको भवनको भर्‍याङको भाग हटाएर ढलान गरी थप २ कोठा निर्माण गर्नका लागि अनुमती माग भएको हुदाँ उक्त कार्य गर्ने अनुमती प्रदान गर्ने निर्णय गरियो ।

ज) भानु नगर खेलकुद विकास समिति, फुस्रेटार तनहुँको मिति २०८१/१२/११ गतेको निवेदन अनुसार भानु नगरपालिकाको १३ वटै वडाहरुमा रहेका युवा खेलाडिहरु मिति २०८१/११/१७ गतेदेखि सञ्चालन भएको प्रथम म्याग्दे कपमा सहभागिता हुदाँ लागेको खर्च रु. ४६,११०। (अक्षेरुपी छयाली हजार एक सय दश) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिका वडा नं.३ निवासी नविन कुमार श्रेष्ठको लामो समय देखि कृषि व्यवसायमा रहनु भएको र कृषि व्यवसायको लागि पानीको अत्यन्तै आवश्यक परेको हुदाँ नजिकै रहेको खहरेबाट पानी ल्याइ सिचाइ गर्नको लागि पानीको पाइप र मोटरको लागि वडा कार्यालयको सिफारिस पत्र र अन्य आवश्यक कागजपत्रको आधारमा सामाजिक सुरक्षा तथा आर्थिक सहायता कोष शीर्षकबाट रु.३०,०००।(अक्षेरेपी तीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

ञ) भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार तनहुँ र श्री जय भोले बाबा कन्स्ट्रकसन, राइनास-६, लमजुङ बिच मिति २०८०/१२/१४ मा ठेका नं. BHMUN/NCB/BLDG/२०८०/८१/०६ अन्तर्गत खहरे स्वास्थ्य चौकी भवन निर्माण (Construction of Khahare Healthpost building) योजनाको निर्माण कार्य जारी रहेकोमा उक्त ठेक्कामा तपसिल बमोजिमको नयाँ Item थप गर्न पर्ने भएको हुदाँ तपसिलमा उल्लेख भएको कार्यहरु गर्नका लागि पूर्वाधार शाखाबाट पेश भएको लागत अनुमान स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपसिल :-

- Supply and fittting of UPVC window,door and partition etc all complete,as per site incharge.
- 38 mm thick salwood in panneled door and window shutter
- Two coat weather proof paint(apex) for outside area
- Two coat Plastic emulsion paint of approved colour over one coat primer to uniform coluring after rendering the surface all complete proof paint(apex) for inside area
- Roofing Work using 26 gauge coloured heavy(0.31mm thick)
- Supplying,fabrication and installation of Square pipe with primer paint



२०८१/१२/११

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/१२/११

आनन्द राज त्रिपाठी

ट) भानु नगरपालिका भौगोलिक तथा पायक र पहुँचको दृष्टिकोणबाट मरस्याङ्दी कोरिडोर तथा चुँदी कोरिडोर त्यसै गरी डुम्रे बेसीशहर चामे राजमार्ग सेवा क्षेत्र तथा भानु मार्ग सेवा क्षेत्र गरी दूइवटा भौगोलिक क्षेत्रमा विभाजित छ । क्षेत्रगत, बसोबास र पँहुचका आधारमा पुरनडिही नगर अस्पताल र कालिमाटी नगरस्तरीय अस्पतालहरु सञ्चालनमा छन । दुवै अस्पताल नगरपालिकाको श्रोत र साधनबाट सञ्चालन भइरहेकोमा नगरको क्षमता, वित्तीय हैसियतका दृष्टिबाट दिगो र प्रभावकारी रुपमा सञ्चालन गर्न कठिनाई भएको छ । डुम्रे देखि वेशीसहर चामे सडक खण्डमा अवस्थित कालिमाटी नगरस्तरीय अस्पतालको भवन निर्माण कार्य विगत वर्षहरुदेखि राष्ट्रिय योजना आयोगको विशेष अनुदानबाट भइरहेको छ ।उक्त अस्पतल तनहुँ, लमजुङ्ग, गोरखा र मनाङ्ग जिल्लाका नागरिकहरुको सेवा पहूँचको स्थानमा पर्ने हुदाँ २५ सैयाको प्रदेश स्तरीय अस्पतालको रुपमा सञ्चालन गरिदिनका लागि आर्थिक मामिला मन्त्रालय तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखरामा अनुरोध, पहल एवं सिफारिस गर्ने निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख